## नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण
## उच्चस्तरीय समन्वय समिति

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

बैठक संख्या ५
मिति २०७६ फागुन २९ गते
समयः अपरान्ह ४.३० बजे

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ फागुन १८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को बैठक देहायका माननीय मन्त्रीज्यूहरु तथा उच्च अधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| | | |
|---|---|---|
| १. | मा. उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल | संयोजक |
| २. | मा. गृहमन्त्री श्री राम बहादुर थापा | सदस्य |
| ३. | मा. परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली | सदस्य |
| ४. | मा. शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल | सदस्य |
| ५. | मा. कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुसाल | सदस्य |
| ६. | मा. स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल | सदस्य |
| ७. | मा. उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट | सदस्य |
| ८. | मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई | सदस्य |
| ९. | मा. अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा | सदस्य |
| १०. | मुख्यसचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार | सदस्य |
| ११. | सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |

विशेष आमन्त्रितः

१२. मा. संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री श्री हृदयेश त्रिपाठी

१३. मा. श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री श्री रामेश्वर राय यादव

आमन्त्रित

१४. सचिव श्री केदारबहादुर अधिकारी - संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१५. सचिव श्री शंकरदास बैरागी - परराष्ट्र मन्त्रालय

निर्णयहरु:

१ नेपालको आगमन विन्दुमा विदेशीहरुलाई दिइदै आएको On-Arrivial Visa को व्यवस्था १४ मार्च २०२० को राती १२ बजेबाट लागु हुने गरी अप्रिल ३०, २०२० सम्मका लागि स्थगन गर्ने।

२ यस पूर्व भिषा लिईसकेका विदेशीहरुले नेपालको आगमन विन्दुमा आईपुग्ने मिति भन्दा बढिमा सात दिन भित्रको स्वास्थ्य जाँच प्रमाणपत्र (Swab Test PCR) आगमन विन्दुको अध्यागमन कार्यालयमा पेश गर्ने व्यवस्था लागु गर्ने।

३ अति जरुरी कारणबाट नेपालमा यात्रा गर्नु पर्ने अवस्थाका विदेशीले सम्बन्धित मुलुक वा नजिकमा रहेका नेपाली नियोगहरुबाट नेपाल आईपुग्ने मिति भन्दा बढीमा सात दिन भित्रको स्वास्थ्य जाँच प्रमाणपत्र (Swab Test PCR) सहित भिषा आवेदन गर्नुपर्ने व्यवस्था लागु गर्ने।

४ गैर आवासीय नेपालीहरुलाई गैर आवासीय नेपाली परिचय पत्रको आधारमा आगमन विन्दुमा दिईदै आएको On-Arrivial Visa १४ मार्च २०२० को राती १२ बजेबाट लागु हुने गरी ३० अप्रिल २०२० सम्मका लागि स्थगन गर्ने। अत्यावश्यक कारणले नेपाल आउनु पर्ने अवस्थामा नेपाल आईपुग्ने मिति भन्दा बढीमा सात दिन भित्रको स्वास्थ्य जाँच प्रमाणपत्र (Swab Test PCR) संलग्न गरी सम्बन्धित मुलुक वा नजिकमा रहेका नेपाली नियोगहरुबाट भिषा लिनु पर्ने व्यवस्था लागु गर्ने।

५ मार्च १४, २०२० देखि नेपाल प्रवेश गर्ने विदेशीहरुले Self Quarentine मा र नेपाली नागरिक तथा गैर आवासीय नेपालीले Home Quarentine मा १४ दिन सम्म बस्नु पर्ने व्यवस्था लागु गर्ने।

६ कुटनैतिक र अफिसियल भिषा प्राप्त विदेशीहरु पहिलो पटक नेपाल प्रवेश गर्दा वा बाहिर यात्रा गरी नेपाल फर्किदाको अवस्थामा १४ दिन Self Quarentine मा बस्नु पर्ने व्यवस्था लागु गर्ने।

७ व्यावसायिक, अध्ययन र कामदार भिषा प्राप्त गरेका विदेशीहरु विदेश यात्राबाट नेपाल फर्केपछि १४ दिन Self Quarentine मा बस्नु पर्ने व्यवस्था लागु गर्ने।

८ विदेशमा रहेका नेपाली नागरिकहरुलाई अत्यावश्यक अवस्थामा बाहेक यात्रा नगर्न र विदेशमा रहँदा उच्च सतर्कता र सावधानी अपनाउन अनुरोध गर्ने।

९ तेस्रो मुलुकका नागरिकहरुलाई स्थल मार्ग हुँदै नेपाल प्रवेश गर्न दिइदै आएको सुविधा १४ मार्च २०२० राती १२ बजेदेखि लागु हुने गरी ३० अप्रिल २०२० सम्मका लागि स्थगन गर्ने।

१० नेपाल भारत बीचको यात्रु आवागमनलाई व्यवस्थित गर्न परराष्ट्र मन्त्रालयले अर्थ, उद्योग वाणिज्य तथा आपूर्ति र गृह मन्त्रालयसँगको सहकार्यमा भारतीय पक्षसँग समन्वय गरी निश्चित विन्दुहरुबाट मात्र यात्रु आवागमन गर्ने व्यवस्था मिलाउने।

११ अर्को सूचना नभएसम्म बैदेशीक रोजगारीका लागि दिइने श्रम स्वीकृती स्थगन गर्ने।

१२ अध्ययनको लागि विदेश जाने विद्यार्थीहरुलाई ३० अप्रिल २०२० भित्र विदेश यात्रा गर्ने गरी No-Objection Certificate जारी नगर्ने।

१३ संक्रमणको रोकथाम र नियन्त्रणका लागि अति आवश्यक पर्ने औषधी, औजार तथा उपकरण लगायतका सामग्रीहरु सार्वजनिक खरिद ऐनको विशेष परिस्थितिको प्रावधान अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खरिद गर्ने।

१४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमणको रोकथाम, निदान र उपचारका लागि आवश्यक पर्ने ICU तथा Isolation कक्ष सहितको विशेष पूर्वाधार (काठमाडौं उपत्यकामा आवश्यक संख्यामा र हरेक प्रदेशमा कम्तिमा एक एक वटा) विकास गर्न विस्तृत प्रस्ताव तयार पारी समितिको अर्को बैठकमा पेश गर्ने। यसका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था अर्थ मन्त्रालयले गर्ने।

सचिव

मुख्य सचिव

मा. ईश्वर पोखरेल
... तथा रक्षामन्त्री

१५ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी समायोजन भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु समेतलाई संक्रमण रोकथाम र नियन्त्रणका लागि आवश्यकता अनुसार परिचालन गर्ने।

१६ संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा आवश्यकता अनुसार परिचालन गर्न मेडिकल तथा ननमेडिकल स्वयंसेवकहरुको सूची तयार गरी व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न निर्देशन दिने।

१७ नेपालमा पर्वतारोहण गर्ने गरी सन् २०२० को बसन्त ऋतुका लागि जारी गरिएका वा जारी गरिने अनुमति पत्र हाललाई स्थगित गर्ने।

१८ नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सभा सम्मेलन, समारोहहरुलाई मे ३१, २०२० सम्मका लागि स्थगित गर्ने।

१९ संक्रमणबाट जोगिन ठूलो संख्यामा मानिसहरु भेला हुने सिनेमा हल, सभा समारोह, सामाजिक कार्य एवं मेला महोत्सवमा सहभागी नहुन आम जनसमुदायलाई आहवान गर्ने।

मुख्य सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री

2076/11/25

सचिव